# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## मिति २०७७।४।२७ को सेवा प्रवाह संबन्धी सूचना

नेपाल सरकारको निर्णयानुसार मिति २०७७।४।८ गतेबाट बन्दाबन्दीको अवधि समाप्त भए पश्चात मिति २०७७।४।८ गतेबाट यस अदालतबाट सबै सेवा सुचारु गरिएकोमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण हालैका दिनहरुमा यस जिल्लामा समेत दिन प्रतिदिन बढ्दै गएको सन्दर्भलाई मध्यनजर राख्दै **संभावित संक्रमणबाट अदालतका सेवाग्राही, कानून ब्यवसायी तथा कर्मचारीहरु समेतको सुरक्षाको लागि** सेवा प्रवाहमा आबश्यक व्यवस्थापन गर्नुपर्ने भएको हुँदा यस विचमा सम्मानित सर्वोच्च अदालत र उच्च अदालत पाटनबाट कुनै आदेश वा निर्देशन भएमा सोही बमोजिम गर्ने गरी बार इकाई काभ्रेको सहमति, यस अदालतको मिति २०७७।४।२७ गतेको पूर्ण बैठकको निर्णय एवं सम्मानित उच्च अदालत पाटनको सहमति बमोजिम मिति २०७७।४।२७ बाट केही दिनका लागि देहायका सेवाहरु मात्र संचालन हुने बेहोरा संबन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

<u>देहाय</u>

१. दैनिक २ वटासम्म फिराद पत्र दर्ता।
२. अधिकृतबारेशनामा दैनिक ३ वटासम्म प्रमाणित गर्ने ।
३. दर्ता विवाहका निवेदनहरु दैनिक एक वटा मात्र दर्ता गर्ने ।
४. बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाका निवेदनमा सुनुवाई गर्ने ।
५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको निवेदन ।
६. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदन।
७. पक्राउ पुर्जी अनुमति, कल डिटेल अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्यहरु ।
८. अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने) ।
९. अभियोगपत्र दर्ता गर्ने, अभियुक्तको बयान गर्ने, थुनछेक आदेश गर्ने ।
१०. न्यायीक प्रक्रियामा कम समय लाग्ने, मिलापत्र, डिसमिस, मुद्दा फिर्ता र तामेली सम्बन्धी कार्यहरु।
११. अर्ध न्यायिक निकायले गरेको मुलुकी फौजदारी कार्यविधि संहिता , २०७४ को दफा ७३ बमोजिमको आदेश उपरका निवेदन सुनुवाई।
१२. दशीका रुपमा अभियोगपत्र साथ पेश भै आदेश वा फैसलाले सम्बन्धित व्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका सामान फिर्ता माग गर्न आएमा फिर्ता दिने सम्बन्धी काम कारवाहीहरु।
१३. जग्गा रोक्काको निवेदन परेमा दिनमा ३ वटा निवेदनसम्मको सुनुवाई गर्ने ।

श्रेस्तेदार(उपसचिव)